भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४९ सालको ऐन नं ३५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

औद्योगिक विकासको लागि बनेको ऐन

प्रस्तावना : देशको अर्थतन्त्रको समुचित विकासको लागि औद्योगिक लगानीको वातावरणलाई बढी सुविधाजनक, सरल र उत्साहवर्द्धक बनाई उत्पादकत्वमा अभिवृद्धि गरी प्रतिस्पर्धात्मक ढङ्गबाट औद्योगिक व्यवसायहरू फस्टाउने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

६०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "औद्योगिक व्यवसाय ऐन, २०४९" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उद्योग" भन्नाले दफा ३ मा उल्लेखित उद्योग सम्झनु पर्छ।

(ख) "घरेलु उद्योग" भन्नाले दफा ४ बमोजिमको उद्योग सम्झनु पर्छ।

(ग) "साना उद्योग" भन्नाले दफा ५ बमोजिमको उद्योग सम्झनु पर्छ।

(घ) "मझौला उद्योग" भन्नाले दफा ६ बमोजिमको उद्योग सम्झनु पर्छ।

(ङ) "ठूला उद्योग" भन्नाले दफा ७ बमोजिमको उद्योग सम्झनु पर्छ।

(च) "स्थिर जेथा" भन्नाले दफा ८ मा उल्लेखित उद्योगको

६०३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चल अचल सम्पत्ति सम्झनु पर्छ।

(छ) "बोर्ड" भन्नाले दफा १२ बमोजिम गठित औद्योगिक प्रवर्द्धन बोर्ड सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा १७ बमोजिम गठित एकद्वार समिति सम्झनु पर्छ।

(झ) "सञ्चालन मिति" भन्नाले सम्बन्धित उद्योगले व्यापारिक उत्पादन शुरु गरेको वा सेवा प्रदान गरेको मिति सम्झनु पर्छ।

(ञ) "विभाग" भन्नाले उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभाग वा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अन्य कुनै विभाग वा कार्यालय सम्झनु पर्छ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा वा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जारी गरेको आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

६०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. उद्योगको बर्गीकरण : यस ऐनको प्रयोजनको लागि उद्योगहरूलाई देहाय बमोजिम बर्गीकरण गरिएको छः-

(क) उत्पादनमूलक उद्योग : कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको मालसामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने।

(ख) ऊर्जामूलक उद्योग : जलस्रोत, वायु, सौर्यशक्ति, कोईला, प्राकृतिक तेल, ग्यास, वायो ग्यास तथा अन्य स्रोतहरूबाट ऊर्जा पैदा गर्ने।

(ग) कृषि तथा वनजन्य उद्योग : मूलतः कृषि वा वन पैदावारमा आधारित एकीकृत किसिमका रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरा पालन, मत्स्यपालन, चिया खेती तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडीबूटी खेती तथा प्रशोधन, तरकारीका बीउ बीजन उत्पादन, मौरी पालन, मह उत्पादन, रबर खेती, फूल खेती तथा उत्पादन,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कबुलियती वन, एग्रोफरेष्ट्री आदि व्यवसायिक वन सम्बन्धी व्यवसायहरू।

(घ) खनीज उद्योग : खनीज उत्खनन वा प्रशोधन गर्ने।

(ङ) पर्यटन उद्योग : पर्यटन आवास, मोटेल, होटेल, रेष्टुरां, रिजर्ट, ट्राभल एजेन्सी, स्कीइङ, ग्लाइडिङ, वाटर -याफ्टिङ, केवलकार कम्प्लेक्स, पोनी ट्रेकिङ, पदयात्रा (ट्रेकिङ), हट एयर ब्यालुनिंग, प्यारा सेलिङ, गल्फ कोर्स, पोलो, अश्वारोहण (हर्स राइडिङ) आदि व्यवसायहरू।

(च) सेवा उद्योग : कार्यशाला (वर्कशप), छापाखाना, परामर्श सेवा, जिनिङ तथा बेलिङ व्यवसाय, चलचित्र व्यवसाय, निर्माण व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, अस्पताल, नर्सिङ होम, शिक्षण एवं प्रशिक्षण संस्था, प्रयोगशाला, हवाई सेवा, शीत भण्डार आदि व्यवसायहरू।

(छ) निर्माण उद्योग : सडक, पूल, रोपवे, रेल्वे, ट्रलीबस, टनेल, फ्लाइङ ब्रीज तथा

६०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

औद्योगिक, व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी सञ्चालन गर्ने।

४. घरेलु उद्योग : श्रममूलक, देशको परम्परा, कला र संस्कृतिसँग सम्बद्ध खास शीप वा स्थानीय कच्चा पदार्थ र साधन परिचालन गर्ने परम्परागत किसिमका अनुसूची १ मा उल्लेख भए बमोजिमको उद्योग घरेलु उद्योग हुनेछ।

५. साना उद्योग : एक करोड रुपैयाँसम्म स्थिर जेथा भएको उद्योग साना उद्योग हुनेछ।

६. मझौला उद्योग : एक करोड रुपैयाँ भन्दा बढी पाँच करोड रुपैयाँसम्मको स्थिर जेथा भएको उद्योग मझौला उद्योग हुनेछ।

७. ठूला उद्योग : पाँच करोड रुपैयाँ भन्दा बढीको स्थिर जेथा भएको उद्योग ठूला उद्योग हुनेछ।

८. उद्योगको स्थिर जेथा : (१) उद्योगको स्थिर जेथामा देहायका चल वा अचल सम्पत्तिहरू पर्ने छन् :-

(क) जमीन र जमीन सुधार (जस्तै जमीन सम्याउने, पुर्ने, पर्खाल लगाउने जस्ता कार्यहरू),

(ख) स्थलीय भौतिक पूर्वाधारहरू (जस्तै ढल निकास, आन्तरिक सडक),

(ग) कार्यालय, कारखाना भवन, गोदाम घर, विद्युत वितरण,

६०७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पानी वितरण व्यवस्था तथा आवास भवनहरू,

(घ) यन्त्र, उपकरण तथा औजारहरू।

(ङ) परिवहनका साधनहरू,

(च) विद्युत उपकरण तथा कार्यालय उपकरणहरू,

(छ) फर्निचर, फिक्सचर, संचार व्यवस्था तथा उपकरणहरू।

(२) उपदफा (१) मा उल्लेखित सम्पत्तिहरूका अतिरिक्त उद्योगमा लगानी हुनु भन्दा अघि वा निर्माण चरणको विभिन्न अवस्थामा हुने वा भएको पूँजीकृत गरिने प्राविधिक परामर्श र सुपरीवेक्षण खर्च, पूर्व लगानी र पूर्व सञ्चालन खर्च तथा निर्माण अवधिको पूँजीकृत हुने ब्याज समेतलाई उद्योगको स्थिर जेथाको रूपमा मान्यता दिइनेछ।

९. <u>अनुमति</u> : (१) सुरक्षा, जनस्वास्थ्य तथा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्ने किसिमका अनुसूची २ मा उल्लेख भएका उद्योगहरू बाहेक अन्य उद्योगको स्थापना, विस्तार एवं विविधीकरण गर्नको लागि अनुमति लिनु पर्ने छैन।

(२) उपदफा (१) बमोजिम अनुमति लिनु पर्ने किसिमका उद्योग स्थापना गर्न चाहनेले अनुमतिको लागि विभाग समक्ष तोकिएको विवरणहरू समेत संलग्न राखी तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ।

६०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिम दरखास्त परेमा विभागले बोर्डको निर्णयानुसार दरखास्त परेको मितिले तीस दिन भित्र तोकिएको ढाँचामा अनुमति दिनु पर्नेछ। बोर्डले उद्योगको स्थापना गर्ने अनुमति नदिने निर्णय गरेमा विभागले सो कुराको जानकारी दरखास्तवालालाई दिनु पर्नेछ।

१० <u>उद्योग दर्ता गराउने</u> : (१) यस ऐन बमोजिम अनुमति लिनु पर्ने वा नपर्ने कुनै पनि उद्योगको स्थापना गर्दा तोकिए बमोजिम विभागमा दर्ता गराउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि घरेलु उद्योगको हकमा त्यस्तो उद्योग सञ्चालन भएको मितिबाट छ महीनाभित्र दर्ता गराउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम उद्योग दर्ताको लागि दरखास्त परेको मितिले एक्काईस दिनभित्र विभागले त्यस्तो उद्योग दर्ता गरी दरखास्तवालालाई तोकिए बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(४) यस दफा बमोजिम घरेलु तथा साना उद्योगको दर्ता घरेलु तथा साना उद्योग विभागमा वा सो विभाग अन्तर्गतको जिल्लास्तरीय कार्यालय वा सो विभागले तोकेको कुनै कार्यालयमा गराउनु पर्ने छ र मझौला र ठूला उद्योगहरूको दर्ता उद्योग विभाग वा सो विभागले तोकेको कुनै कार्यालयमा गराउनु पर्नेछ।

११. <u>अनुमतिपत्र वा दर्ता प्रमाणपत्रमा खोलिने कुराहरू</u> : उद्योगले पाउने सुविधा तथा सहुलियतहरू एवं उद्योगहरूले पालना गर्नु पर्ने तोकिए बमोजिमका

६०१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शर्तहरू अनुमतिपत्र वा दर्ता प्रमाणपत्रमा स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ।

१२. <u>औद्योगिक प्रवर्द्धन बोर्डको गठन</u> : (१) श्री ५ को सरकारले देहायका सदस्यहरू भएको एक औद्योगिक प्रवर्द्धन बोर्ड गठन गर्नेछ :

(क) उद्योग मन्त्री वा राज्य मन्त्री -अध्यक्ष

(ख) उद्योग सहायक मन्त्री -सदस्य

(ग) सदस्य, राष्ट्रिय योजना आयोग (उद्योग हेर्ने) -सदस्य

(घ) गभर्नर, नेपाल राष्ट्र बैंक -सदस्य

(ङ) सचिव, उद्योग मन्त्रालय -सदस्य

(च) सचिव, अर्थ मन्त्रालय -सदस्य

(छ) सचिव, वाणिज्य मन्त्रालय -सदस्य

(ज) सचिव, पर्यटन मन्त्रालय -सदस्य

(झ) महानिर्देशक, घरेलु तथा साना उद्योग विभाग -सदस्य

(ञ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य संघ -सदस्य

(ट) उद्योग, वाणिज्य एवं

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्यटन क्षेत्रका संघ वा प्रतिष्ठित व्यक्तिहरू मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेका दुईजना -सदस्य

(ठ) महानिर्देशक, उद्योग विभाग -सदस्य-सचिव

(२) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी बोर्डका सदस्यहरूमा आवश्यक थप घट वा हेरफेर गर्न सक्नेछ।

(३) बोर्डले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई बोर्डको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(४) बोर्डको बैठक सम्बन्धी कार्यविधि बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।

१३. <u>बोर्डको काम, कर्तव्य र अधिकार</u> : बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) देशको औद्योगिकरण सम्बन्धी नीति, ऐन, नियमहरूको तर्जुमा र कार्यान्वयनमा आवश्यक सहयोग पु-याउने।

(ख) राष्ट्रले अपनाएको उदार खुला एवं प्रतिस्पर्धात्मक आर्थिक नीतिहरूको उद्देश्य प्राप्तिका लागि उद्योग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाउँदै लैजान मार्गदर्शन दिने।

(ग) औद्योगिक नीतिको नीतिगत स्तर र कार्यान्वयन स्तर बीच समन्वय कायम गर्ने।

(घ) वातावरण र जनस्वास्थ्यमा असर हुन नदिन बढी जोड दिई वातावरण प्रदूषणलाई रोक्ने उपाय एवं व्यवस्था अंगीकार गर्न लगाउने।

(ङ) उद्योगको वर्गीकरणमा कुनै उद्योग समावेश गर्न श्री ५ को सरकारलाई सिफारिश गर्ने।

(च) अनुसूची ३ मा उल्लेखित क्षेत्रहरू सम्बन्धमा समय समयमा मूल्यांकन गरी हेरफेर गर्न श्री ५ को सरकारलाई सिफारिश गर्ने।

(छ) समितिले उपलब्ध गराउने सुविधा एवं सहुलियत पाइन भनी उद्योगले दिएको निवेदनमा जाँचबुझ गरी गराई सम्बन्धित निकायलाई निर्देशन दिने।

(ज) बोर्डको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

६१२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. वर्गीकरण र क्षेत्रमा हेरफेर : बोर्डको सिफारिशमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी उद्योगको वर्गीकरणमा कुनै उद्योग समावेश गर्न वा अनुसूची ३ मा उल्लेखित क्षेत्रमा समयानुकूल हेरफेर गर्न सक्नेछ।

१५. उद्योगलाई दिइने सुविधा तथा सहुलियत : आयकर, बिक्रीकर, अन्तःशुल्क, भन्सार सम्बन्धी कानूनहरु एवं अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि उद्योगले देहाय बमोजिम सुविधा तथा सहुलियत पाउनेछ :-

(क) घरेलु उद्योगलाई बिक्रीकर अन्तःशुल्क तथा आयकर लाग्ने छैन।

(ख) चुरोट, बिडी, मदिरा, बियर, वनस्पति घ्यू, प्लाष्टिक, इलेक्ट्रोनिक जडान उद्योग बाहेक अन्य उत्पादन मूलक, ऊर्जामूलक, कृषि तथा वनजन्य (स-मिल र कथ्था बाहेक) तथा खनीज उद्योगले व्यापारिक उत्पादन शुरु गरेको मितिले पाँच वर्षका लागि आयकर छूट पाउनेछ।

(ग) अनुसूची ४ मा उल्लेख भएको राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगले थप दुई वर्षको आयकर छूट पाउनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

तर अनुसूची ४ मा तोकिएका कृषि तथा वनजन्य उद्योगले भने पाँच वर्षको आयकर छूट पाउनेछ।

(घ) चुरोट, बिडी, मदिरा, बियर, स-मिल र कत्था उद्योग बाहेक आफ्नो उत्पादनमा प्रयोग हुने कोरा मालको नब्बे वा सो भन्दा बढी प्रतिशत स्वदेशी कोरामाल उपयोग गर्ने अनुसूची ४ मा नपरेकाअन्य उत्पादनमूलक, ऊर्जामूलक, कृषि तथा वनजन्य उद्योगले खण्ड (ख) बमोजिम उपलब्ध हुने पाँच वर्षको आयकर छूटको अवधि समाप्त भएपछि थप दुई वर्षको आयकर छूट पाउनेछ।

(ङ) उद्योगलाई लाग्ने आयकरको प्रत्येक स्ल्याब वा कर्पोरेट करमा पाँच प्वाइण्टका दरले कम हुने गरी आयकर लाग्नेछ।

उदाहरण : प्रचलित कानूनमा आयकरको दर दश, पन्ध्र र बीस प्रतिशत लाग्ने भएमा उद्योगलाई क्रमशः पाँच, दश र पन्ध्र प्रतिशतको दरले र कर्पोरेट कर चालीस प्रतिशत भए पैतीस प्रतिशतको दरले आयकर लाग्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) चुरोट, बिडी, मदिरा र बियर बाहेक अनुसूची-३ मा उल्लेख भएका अति अविकसित, अविकसित, अल्प विकसित एवं सामान्य विकसित क्षेत्रहरूमा स्थापित उद्योगहरूलाई लाग्ने आयकरमा क्रमशः साठी, पचास, बीस र दश प्रतिशत तथा लाग्ने अन्तःशुल्कमा पैंतीस, पच्चीस, पन्ध्र र दश प्रतिशत छूट दिइनेछ। अनुसूचीमा उल्लेखित क्षेत्रको बर्गीकरणमा हेरफेर भई छूट प्राप्त नहुने भएमा उद्योगले त्यस्तो हेरफेर भएको मितिबाट पाँच वर्षसम्म यस्तो छूट पाउनेछ।

(छ) मुगु, हुम्ला, जुम्ला, डोल्पा, कालीकोट, बाजुरा, दार्चुला, बझाङ्ग, अछाम, मुस्ताङ्ग, मनाङ, सोलुखुम्बु, संखुवासभा तथा ताप्लेजुङ जिल्लामा स्थापित पच्चीस लाख रूपैयाँ सम्मको स्थिर जेथा भएको फलफूलमा आधारित फलफूल प्रशोधन तथा साइडर एवं वाईन उत्पादन गर्ने उद्योगले दश वर्ष तथा फलफूलमै आधारित मदिरा उत्पादन गर्ने उद्योगले पाँचवर्ष अन्तःशुल्क एवं

६१५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बिक्रीकर छूट पाउनेछ। यस्तो छूटको अवधि पूरा भएपछि फलफूलमा आधारित मदिरा उद्योगलाई श्री ५ को सरकारले थप तीन वर्ष सम्मको अन्तःशुल्क तथा बिक्रीकर छूट दिन सक्नेछ।

(ज) उद्योगले स्थिर जेथाको ह्रास कट्टी गर्दा प्रचलित आयकर सम्बन्धी कानूनमा उल्लेखित दरमा सोही दरको एक तिहाई थप गरी कट्टा गर्न पाउनेछ।

(झ) स्टक एक्सचेन्जमा सूचीकरण गरी कम्तिमा पन्ध्र प्रतिशत शेयर एक शय जवान भन्दा बढीलाई सार्वजनिक रूपमा वितरण गर्ने पब्लिक लिमिटेड कम्पनीले खण्ड (ङ) बमोजिम लाग्ने कर्पोरेट करको दरमा थप पाँच प्वाइण्टका दरले छूट पाउनेछ।

(ञ) उद्योगले त्यसै उद्योगमा वा अरू उद्योगमा पुनः लगानी गरी उद्योगको विविधिकरण वा पच्चीस प्रतिशत वा सो भन्दा बढी जडित क्षमतामा विस्तार प्रविधिको आधुनिकीकरण, सहायक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उद्योगको विकास गरेमा त्यस्तो उद्योगको खुद आय (टयाक्सेबल इनकम) बाट नयाँ थप स्थिर जेथाको चालीस प्रतिशत कट्टी गर्न पाउनेछ। यस्तो छूट एकमुष्ट वा पटक पटक गरी तीन वर्ष भित्र कट्टी गर्न पाउनेछ।

(ट) कुनै उद्योगले प्रदूषण नियन्त्रण वा वातावरणमा न्यूनतम असर पार्ने पद्धति तथा उपकरणमा गरेको लगानीको पचास प्रतिशत सम्म खुद आय (टयाक्सेबल इनकम) बाट कट्टा गर्न दिइनेछ। यस्तो छूट एकमुष्ट वा पटक पटक गरी तीन वर्ष भित्र कट्टी गर्न पाउनेछ।

(ठ) उत्पादन शुरू हुनु अघि उद्योगले शीप विकास तालिममा गरेको खर्च पूँजीकृत गर्न पाउनेछ।

(ड) बोर्डको सिफारिशमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएका पर्यटन, सेवा तथा निर्माण उद्योगलाई पाँच वर्ष सम्मको आयकर छूट दिन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

596

(ढ) उद्योग सञ्चालनमा आएपछि प्रविधि तथा वस्तुविकास एवं दक्षता बृद्धिमा भएको खर्च कूल मुनाफाको दश प्रतिशतसम्म रकम खूद आयबाट कट्टा गर्न पाउनेछ।

(ण) उद्योगमा गरेको लगानीबाट प्राप्त हुने लाभांशमा आयकर लाग्ने छैन।

(त) विद्यालय, महाविद्यालय, विश्वविद्यालय, अस्पताल, धार्मिक स्थल र सामाजिक कार्यमा उद्योगले आफ्नो खूद आयको पाँच प्रतिशतसम्म दान दातव्य दिएको रकम खूद आय निर्धारण गर्दा कट्टा गर्न पाउनेछ।

(थ) उत्पादित वस्तुको वितरण बढाउन वा सेवाको प्रवर्द्धन गर्न विज्ञापनको लागि भएको खर्च, अतिथि सत्कारमा भएको खर्च र अन्य यस्तै खर्च बापत कूल आयको पाँच प्रतिशत रकम खूद आय निर्धारण गर्दा कट्टा गर्न पाउनेछ।

(द) एउटै उद्योगले छ सय वा सो भन्दा बढी जनशक्तिलाई प्रत्यक्ष रोजगारी दिएमा खण्ड (ख) र (ग) बमोजिम

६१८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राप्त हुने आयकरको छूटका अतिरिक्त थप दुई वर्षको लागि आयकर छूट पाउनेछ।

(ध) अन्तःशुल्क वा बिक्रीकर वा दुवै लागेको स्वदेशी कच्चा पदार्थ, रसायन, प्याकिंग मेटेरियल्स आदि अर्को उद्योगले प्रयोग गरेमा त्यस्ता उद्योगको कच्चा पदार्थ रसायन तथा प्याकिंग मेटेरियल्समा लागेको अन्तःशुल्क वा बिक्रीकर वा दुवै त्यस्तो कच्चा पदार्थ, रसायन तथा प्याकिंग मेटेरियल्स प्रयोग गर्ने उद्योगले फिर्ता पाउनेछ। यसरी फिर्ता पाउने रकम रितपूर्वक दरखास्त दिएको मितिले साठी दिन भित्र फिर्ता दिइनेछ।

(न) निकासीबाट आर्जन भएको आयमा आयकर लाग्ने छैन।

(प) उद्योगले आफ्नो उत्पादन वा उत्पादनमा प्रयोग गरेको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिमा तिरेको भन्सार, बिक्रीकर, अन्तःशुल्क तथा प्रिमियम निकासी गरेको परिमाणको आधारमा फिर्ता दिइने छ। त्यसरी फिर्ता हुने राजस्व

६९८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फिर्ता पाउन रितपूर्वक दरखास्त दिएको साठी दिन भित्र निकासीकर्तालाई फिर्ता दिइनेछ।

तर यस्तो रकम फिर्ता पाउन निकासी गरेको एक वर्ष भित्र दरखास्त नदिएमा फिर्ता दिइने छैन।

(फ) आफ्नो उत्पादनको नब्बे प्रतिशत वा सो भन्दा बढी निकासी गर्ने उद्योगले निर्यात प्रवर्द्धन क्षेत्रमा स्थापित उद्योगले पाउने सरहको सुविधाहरू पाउनेछ।

(ब) विदेशी मुद्रा आर्जन हुने गरी अधिराज्य भित्र कुनै उद्योगले आफ्नो उत्पादन विक्री गरमा त्यस्तो उत्पादनमा लागेको अन्तःशुल्क, विक्रीकर तथा त्यस्तो उत्पादनमा प्रयोग भएको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिमा लागेको भन्सार महशूल अन्तःशुल्क विक्रीकर तथा प्रिमियम फिर्ता दिइनेछ। त्यसरी फिर्ता हुने राजस्व फिर्ता पाउन रितपूर्वक दरखास्त दिएको साठी दिन भित्र त्यस्तो उद्योगलाई फिर्ता दिइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यस्तो रकम फिर्ता पाउन बिक्री गरेको एक वर्ष भित्र दरखास्त नदिएमा फिर्ता दिइने छैन।

(भ) निर्यात हुने औद्योगिक वस्तुमा प्रयोग गरिने माध्यमिक वस्तु (इन्टरमिडिएट गुड्स) उत्पादन गर्ने उद्योगले उत्पादन सामग्रीमा लागेको भन्सार महशूल, बिक्रीकर, अन्तशुल्क तथा प्रिमियम र उत्पादनमा लागेको बिक्रीकर र अन्तःशुल्क निर्यात भएको परिमाणमा फिर्ता दिइनेछ। त्यसरी फिर्ता हुने राजस्व फिर्ता पाउन बिक्री गरेको साठी दिन भित्रमा निकासीकर्तालाई फिर्ता दिइनेछ।

तर त्यस्तो रकम फिर्ता पाउन निर्यात गरेको एक वर्ष भित्र दरखास्त नदिएमा फिर्ता दिइने छैन।

(म) निर्यात प्रवर्द्धन क्षेत्रमा स्थापना भएका उद्योगले प्रयोग गर्ने मेशिन औजार एवं कच्चा पदार्थमा र निकासी हुने उत्पादनमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै कर, शुल्क वा दस्तुर लाग्ने छैन।

१६. <u>अन्य सुविधा तथा सहुलियत</u> : देहायका उद्योगहरूलाई दफा १५ मा उल्लेखित सुविधा तथा सहुलियतहरूका अतिरिक्त देहाय बमोजिमका सुविधा तथा सहुलियतहरू समेत दिन सकिनेछ :-

(क) वन पैदावारमा आधारित उद्योगलाई कबुलियत वा लिजमा वन उपलब्ध गराउन सकिनेछ।

(ख) उद्योगले आफ्नो उपयोगको लागि विद्युत शक्ति उत्पादन गरेमा कुनै दस्तुर (रोयल्टी) लाग्ने छैन।

(ग) निर्यात प्रवर्द्धन क्षेत्र र सरकारी वा गैर सरकारी औद्योगिक क्षेत्रमा स्थापना हुने तोकिए बमोजिमका उद्योगलाई श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी थप सुविधा दिन सक्नेछ।

(घ) कुनै राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग वा नेपाल भित्र आविष्कार गरी स्थापना भएका उद्योगहरूको लागि बोर्डको सिफारिशमा मन्त्रिपरिषद्को निर्णयले नेपाल राजपत्रमा सूचना

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रकाशित गरी थप सुविधा दिन सकिनेछ।

(ङ) पचहत्तर करोड रुपैयाँ भन्दा बढी स्थिर पूँजी लगानी गरी स्थापना हुने उद्योगलाई थप दुई वर्षको आयकर छूट दिइनेछ।

(च) उद्योगको कच्चा पदार्थ एवं उत्पादनमा दोहरो बिक्री कर लगाइने छैन।

१७. <u>एकद्वार समितिको गठन</u> : (१) श्री ५ को सरकारले यस ऐन अन्तर्गत उद्योगले पाउने सुविधा एवं सहुलियत एकै थलोबाट समयमै उपलब्ध गराउन देहाय बमोजिमको एकद्वार समितिको गठन गर्नेछः-

(क)	महानिर्देशक, उद्योग विभाग	-संयोजक
(ख)	महानिर्देशक, भन्सार विभाग	-सदस्य
(ग)	महानिर्देशक, अन्तःशुल्क विभाग	-सदस्य
(घ)	महानिर्देशक, कर विभाग	-सदस्य
(ङ)	महानिर्देशक, बिक्रीकर विभाग	-सदस्य
(च)	महानिर्देशक, वाणिज्य विभाग	-सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) मुख्य नियन्त्रक,
नेपालराष्ट्र बैंक -सदस्य

(ज) प्रतिनिधि,
नेपाल उद्योग
वाणिज्य संघ -सदस्य

(झ) श्री ५ को सरकारले
तोकेको उद्योग
वाणिज्य संग सम्बन्धित
विशेषज्ञ वा संघका
प्रतिनिधि एकजना -सदस्य

(२) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

(३) समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१८. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : (१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यस ऐन अन्तर्गत कुनै उद्योगले पाउने सुविधा एवं सहुलियतहरू उपलब्ध गराउन आवश्यक निर्णय गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) बोर्डले आफ्नो काम, कर्तव्य र अधिकार अन्तर्गत प्रत्यायोजन गरेको कार्यहरू गर्ने,

(ग) समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम समितिले गरेको निर्णय सम्बन्धित निकायले कार्यान्वयन गर्नु पर्नेछ।

१९. सुविधा तथा सहुलियतको दुरूपयोग गर्न नहुने : यस ऐन बमोजिम उद्योगले प्राप्त गर्ने सुविधा तथा सहुलियतहरू जुन प्रयोजनको लागि प्राप्त गरेको हो सो काममा प्रयोग नगरी दुरूपयोग गर्न पाइने छैन।

२०. सुविधाको प्रत्याभूति : (१) औद्योगिक व्यवसाय ऐन, २०३८ अन्तर्गत अनुमति प्राप्त गरी वा दर्ता गरी सञ्चालन भएको उद्योगले अवधि किटिएका सुविधा तथा सहुलियतका सम्बन्धमा सोही ऐन बमोजिम र अवधि नकिटिएको सुविधा तथा सहुलियतका हकमा यस ऐन बमोजिम पाउनेछ।

(२) यो ऐन प्रारम्भ हुनु अघि दर्ता भई वा अनुमति प्राप्त गरेको तर यो ऐन प्रारम्भ भएपछि मात्र व्यापारिक उत्पादन शुरू गरेको उद्योगले यस ऐन बमोजिमको सुविधा पाउनेछ।

तर त्यस्तो उद्योग दर्ता वा अनुमति पाउँदाका बखत कायम रहेको औद्योगिक व्यवसाय ऐन बमोजिम पाउने अवधि किटिएको सुविधा तथा सहुलियत यस ऐनले प्रदान गरेको सुविधा तथा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहुलियत भन्दा बढी अवधिको भएमा वा यस ऐन बमोजिम नपाउने भएमा तत्काल प्रचलित औद्योगिक व्यवसाय ऐन बमोजिम पाउन बाधा पर्ने छैन।

२१. उद्योगको राष्ट्रियकरण नहुने : कुनै पनि उद्योग राष्ट्रियकरण गरिने छैन।

२२. औद्योगिक जनशक्ति : (१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकहरूबाटै पूर्ति गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै उद्योग विदेशी जनशक्ति विना सञ्चालन हुन नसक्ने भएमा त्यस्तो उद्योगमा श्रम विभागको पूर्व स्वीकृति लिई बढीमा पाँच वर्षको लागि विदेशी नागरिक नियुक्ति गर्न सकिनेछ। त्यसरी नियुक्त गरिएको व्यक्ति नेपाल भित्र उपलब्ध हुन नसक्ने विशिष्ट प्रकारको प्राविधिक भएमा श्रम विभागको स्वीकृति लिई त्यस्ता व्यक्तिलाई थप पाँच वर्षसम्मको लागि पुनः नियुक्त गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम कुनै उद्योगमा कार्यरत परिवर्त्य विदेशी मुद्रा प्रचलनमा रहेको देशको विदेशी नागरिकले प्राप्त गरेको तलब, भत्ता, मेहनताना आदि रकमको बढीमा पचहत्तर प्रतिशतसम्म परिवर्त्य विदेशी मुद्रामा फिर्ता लैजान पाउनेछ।

२३. विवरण दिनु पर्ने : उद्योगसंग सम्बन्धित रहेका तोकिए बमोजिमका विवरणहरू नियमित रूपमा सम्बन्धित विभागलाई उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ।

२४. उद्योग बन्द गरेमा जानकारी दिनु पर्ने : प्रचलित कानून बमोजिमको रित पु-याई उद्योग बन्द गरेमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यसरी बन्द गरेको सातदिन भित्र त्यसको जानकारी सम्बन्धित विभागमा दिनु पर्नेछ।

२५. <u>श्री ५ सरकारको अधिकार</u> : (१) कसैले यस ऐन बमोजिम अनुमति लिनु पर्नेमा अनुमति नलिई उद्योग स्थापना गरेमा वा अनुमति वा दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तहरु पालना नगरेमा वा यस ऐनको अरु कुनै कुरा उल्लंघन गरेमा श्री ५ को सरकारले देहाय बमोजिमको सजाय गर्नेछ:-

(क) एक लाख रुपैयाँसम्म जरिवाना गर्ने,

(ख) उद्योगको दर्ता वा अनुमति खारेज गर्ने,

(ग) उद्योग बन्द गराउने।

(२) उपदफा (१) अन्तर्गत कारवाही गर्नु अघि सो विषयमा सम्बन्धित उद्योगलाई स्पष्टीकरण पेश गर्ने वा आफूले गरेको भूल सुधार गर्ने मुनासिब माफिकको मौका दिइनेछ।

(३) उपदफा (१) अन्तर्गत श्री ५ को सरकारले गरेको निर्णय उपर चित्त नबुझेमा उद्योगले त्यसको सूचना पाएको पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ।

२६. <u>अधिकार प्रत्यायोजन</u> : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरु बमोजिम बोर्डलाई प्राप्त भएको अधिकारहरु मध्ये कुनै वा सबै अधिकार आवश्यकतानुसार सम्बन्धित विभाग, कार्यालय, अधिकारी, समिति, बोर्डका कुनै सदस्य वा बोर्डले गठन गरेको अन्य कुनै समिति वा उपसमितिहरुलाई प्रत्यायोजन गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरू बमोजिम विभागलाई प्राप्त भएको अधिकारहरू मध्ये सबै वा केही अधिकार आवश्यकतानुसार अन्य कुनै विभाग, कार्यालय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२७. <u>नियम बनाउने अधिकार</u> : यस ऐनको उद्देश्य प्राप्त गर्नका लागि श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

२८. <u>बाधा अड्काउ फुकाउने अधिकार</u> : यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गरी त्यस्तो बाधा अड्काउ हटाउन सक्नेछ।

२९. <u>यसै ऐन बमोजिम हुने</u> : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरूमा लेखिए जति कुरा सोही बमोजिम हुनेछ।

३०. <u>खारेजी र बचाउ</u> : (१) औद्योगिक व्यवसाय ऐन, २०३८ खारेज गरिएको छ।

(२) औद्योगिक व्यवसाय ऐन, २०३८ अन्तर्गत भए गरेको सम्पूर्ण काम कारवाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - १

(दफा ४ संग सम्बन्धित)

घरेलु उद्योग

हाते तान, खुट्टे तान, अर्ध स्वचालित तान, वार्पिङ्ग, रंगाई र छपाई, सिलाई (तयारी पोशाक बाहेक) बुनाई, राडी, पाखी, ऊनी गलैंचा, पश्मिना, ऊनी पोशाक, सिकर्मी कार्य, काठका कलात्मक वस्तु उत्पादन, बाँस बेत र निगालो सम्बन्धी काम, प्राकृतिक रेशाबाट वस्तु उत्पादन, हाते कागज र त्यसबाट बनेको वस्तु, सुन, चाँदी, पित्तल, तामा, कीमती तथा अर्ध कीमती पत्थर लगायतका फिलीगीरी सामान, गहना, मूर्ति, भाँडा आदि बनाउने कार्य, मह, च्यूरी, अलैंची प्रशोधन, माटो, चिनिया माटोबाट भाँडा बनाउने कार्य, छाला काट्ने, सुकाउने, ग्रामीण ट्यानिंग र छालाका वस्तु उत्पादन गर्ने कार्य, सनपाट, बाबियो, चोया, सूती धागो आदिका सामान उत्पादन, हाड, सिङ्का कलात्मक सामान उत्पादन, ढुङ्गामा कुँदी बनाइएको सामान, चित्रकला, पौवा, बाटिक, धूप, पुतली, खेलौना उद्योगहरू।

द्रष्टव्यः

१. विशेष रूपमा उल्लेख गरेकोमा बाहेक माथिका उद्योगहरूमा सञ्चालित मेशिनहरूले कुल पाँच किलोवाट भन्दा बढी विद्युत मोटर वा डिजल वा पेट्रोल वा क्रूड आयल इन्जिन शक्ति प्रयोग गरेको हुनु हुँदैन। यस परिप्रेक्षमा पावरलूम घरेलु उद्योग अन्तर्गत पर्दैन।

२. मेशिनबाट ऊनी धागो कात्ने तथा मेशिनबाट ऊनी गलैंचा उत्पादन गर्ने उद्योगहरूको स्थापनार्थ अनुमति लिनु पर्नेछ।

६२९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - २
(दफा ९ संग सम्बन्धित)
अनुमति लिनु पर्ने उद्योग

सुरक्षा सम्बन्धी उद्योगहरू : परंपरागत एवं आधुनिक हात हतियार, गोली गट्ठा, बारुद लगायतका बिष्फोटक पदार्थ उत्पादन गर्ने, सुरक्षात्मक छपाई (सेक्युरिटी प्रिन्टिंग), मुद्रा तथा सिक्का।

जनस्वास्थ्य र वातावरणमा असर पार्ने उद्योगहरू : चुरोट, बिडी, आधुनिक छाला प्रशोधन, वियर तथा मदिरा, चिनी उत्पादन, पल्प एवं पेपर, सिमेन्ट, कपडा धुलाई एवं रंगाई, विटुमिन, रसायनिक⊕(१), फर्टिलाइजर, किटनाशक औषधी, लुब्रिकेटिंग तेल, फोम, कार्पेट धुलाई, साबुन, इलेक्ट्रोप्लेटिङ्ग फोटो प्रोसेसिङ्ग, टायर, ट्युब्स, एल.पि. ग्यास, पेट्रोलियम पदार्थसंग सम्बन्धित⊕(२) खानीमा आधारित ठूला उद्योग, ढुङ्गा क्रसिङ्ग, वन पैदावरमा आधारित मझौला तथा ठूला उद्योग,रंग रोगन, ईंटा।

दृष्टव्य :

⊕ (१) रसायनिक उद्योग भन्नाले सल्फ्यूरिक एसिड, नाइट्रिक एसिड, मिथाइल आइसो साइनेट, सोडियम सिलिकेट, कष्टिक सोडा जस्ता केमिकल्स उत्पादन गर्ने उद्योगहरू।

⊕ (२) पेट्रोलियम पदार्थ संग सम्बन्धित उद्योग भन्नाले पेट्रोल, डिजेलफ्यूल आयल, नेचरल ग्यास, नाप्था, प्लाष्टिक ग्रेनुएल जस्ता कच्चा पदार्थमा आधारित भई प्रोसेस गरी उत्पादन गर्ने उद्योगहरू।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३

(दफा १३ को खण्ड (च) संग सम्बन्धित)

क्षेत्रहरूको वर्गीकरण

अति अविकसित क्षेत्र

१. दार्चुला
२. बझाङ
३. बाजुरा
४. हुम्ला
५. जुम्ला
६. मुगु
७. कालीकोट
८. डोल्पा
९. मुस्ताङ
१०. मनाङ
११. सोलुखुम्बु
१२. संखुवासभा
१३. खोटाङ
१४. भोजपुर
१५. अछाम
१६. दैलेख
१७. जाजरकोट
१८. रूकूम
१९. ओखलढुङ्गा
२०. म्याग्दी
२१. तेह्रथुम
२२. रामेछाप।

अविकसित क्षेत्र

१. ताप्लेजुङ
२. रोल्पा
३. बैतडी
४. रसुवा
५. गुल्मी
६. पर्वत
७. डडेलधुरा
८. प्यूठान
९. डोटी
१०. सल्यान
११. पाँचथर
१२. बाग्लुङ
१३. सिन्धुपाल्चोक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अल्प विकसित क्षेत्र

१. कैलाली
२. सुर्खेत
३. अर्घाखाची
४. पाल्पा
५. स्याङ्जा
६. धादिङ
७. लमजुङ
८. तनहुँ
९. गोरखा
१०. सिन्धुली
११. उदयपुर
१२. धनकुटा
१३. इलाम
१४. कञ्चनपुर
१५. बर्दिया
१६. दाङ
१७. नुवाकोट
१८. काभ्रेपलाञ्चोक
१९. दोलखा

सामान्य विकसित क्षेत्र

१. झापा
२. सिराहा
३. सर्लाही
४. महोत्तरी
५. रौतहट
६. सप्तरी
७. नवलपरासी
८. कपिलवस्तु
९. कास्की

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - ४
(दफा १५ को खण्ड (ख) र (ग) संग सम्बन्धित)
राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगहरू

१. आधुनिक चिनी तथा खाँडसारी उद्योग।

२. स्थानीय तेलबीज प्रशोधन गर्ने आधुनिक तेल उद्योग।

३. एकीकृत डेरी (पशु पालन समेत) उद्योग।

४. फलफूल तथा तरकारी बीउ बीजन उत्पादन गर्ने उद्योग।

५. चिया, कफी खेती तथा प्रशोधन गर्ने उद्योग।

६. फलफूल प्रशोधन गर्ने उद्योग।

७. जडीबूटी खेती तथा प्रशोधन गर्ने उद्योग।

८. बेबीफूड र स्वास्थ्यकर खाना उत्पादन गर्ने उद्योग।

९. सूती, ऊनी तथा रेशम धागो तथा यिनमा आधारित कपडा उद्योग।

१०. छाला प्रशोधन र छालाका वस्तु उत्पादन गर्ने उद्योग।

११. व्यवसायिक एवं पेशागत ज्यावल, औजार उद्योग।

१२. स्लेट, ढुङ्गा एवं सिमेण्टका ब्लकहरू बनाउने उद्योग।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. कागज उद्योग (लेख्ने, छाप्ने एवं न्यूज प्रिण्ट)।

१४. शैक्षिक सामग्री उत्पादन गर्ने एवं मसलन्द उद्योग।

१५. औषधि उत्पादन उद्योग।

१६. स्वास्थ्य उपकरण र औजार उद्योग।

१७. इन्जिनियरिङ्ग उद्योग (कृषि एवं औद्योगिक मेशीन औजार उत्पादन गर्ने समेत)।

१८. कीटनाशक औषधि उद्योग।

१९. रसायनिक मलखाद उत्पादन (ब्लेण्डिङ्ग र मिश्रण बाहेक) उद्योग।

२०. इन्धन बचत गर्ने साधन उत्पादन गर्ने उद्योग।

२१. प्रदूषण रोक्ने साधन उत्पादन गर्ने उद्योग।

२२. फोहर मैला वा खेर गएको वस्तु प्रशोधन गर्ने उद्योग।

२३. जलविद्युत उत्पादन एवं वितरण।

२४. होटेल, रिजोर्ट।

२५. सडक, पूल, टनेल, रोपवे, फ्लाइनिङ्ग ब्रिज, रेल्वे, ट्रलीबस तथा अफिस एवं आवास कम्प्लेक्स आदि।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६. खनिज पदार्थमा आधारित उद्योग।

२७. विद्युत प्रमुख रूपमा प्रयोग गर्ने कष्टिक सोडा, क्लोरिन, एलुमिनियम स्मेल्टर आदि उद्योग।

२८. अस्पताल नर्सिङ्ग होम।

२९. कम्प्यूटर सफ्टवेयर उद्योग।

३०. निकासीमूलक कृषि जन्य उद्योग।

३१. प्रेसिजन वस्तुहरू।

लालमोहर सवर मिति २०४९।७।२७।५

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव

६३५ (४१)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।